मानेभन्ज्याङ गाउँपालिका ओखलढुंगा
कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः३ संख्याः८ मितिः२०८०/३/१०

भाग १

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मानेभन्ज्याङ गाउँपालिकाको दोस्रो गाउँसभाको १३ औं अधिवेशनबाट स्वीकृत भएको मानेभन्ज्याङ गाउँपालिकाको आर्थिक ऐन, २०८० सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## मानेभन्ज्याङ गाउँपालिकाको विनियोजन ऐन, २०८०

गाउँ सभाबाट स्वीकृत मितिः २०८०/०३/१०
प्रमाणीकरण मितिः २०८०/०३/१५

**प्रस्तावनाः**
मानेभन्ज्याङ गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मानेभन्ज्याङ गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत गरी कार्यान्वयनका लागि यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " विनियोजन ऐन, २०८०" रहेको छ ।
(२) यो ऐन आ.व. २०८०/०८१ भर लागू हुनेछ ।

**२.आर्थिक वर्ष २०८०।०८१को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः**
(१) आर्थिक वर्ष २०८०।०८१ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५०,११,७६,७१५ (अक्षेरुपी पचास करोड एघार लाख छयात्तर हजार सात सय पन्त्र्र रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यो विधेयक स्वीकृत भई ऐन बनेपश्चात सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त मानेभञ्ज्याङ गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा गाउँपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमाबाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्थाअन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४. कार्यविधि र मापदण्ड बनाउन सक्नेः(१) यस विधेयकलाई कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

## अनुसूची १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | गाउँपालिका स्तरीय | २,०१,८०,००० | ५,४९,४०,००० | ७,५१,२०००० |
| २ | वडा कार्यालय | ४६,७९,००० | २,५०,२०,००० | २,९६,९९,००० |
| ३ | विषगत शाखा | २,४८,५०,००० | ५९,००,००० | ३,०७,५०,००० |
| ४ | कार्यालय सञ्चालन प्रशासनिक | ८,३०,९१,७१५ | २०,००,००० | ८,५०,९१,७१५ |
| ५ | संघीय सरकारबाट हस्तान्तरित | २१,४२,००,००० | ४,७७,००००० | २६,१९,००,००० |
| ६ | प्रदेश सरकारबाट हस्तान्तरित | ८,५७,००० | १,७७,५९,००० | १,८६,१६००० |
| | **जम्मा** | **३४,७८,५७,७१५** | **१५,३३,१९,०००** | **५०,११,७६,७१५** |

आज्ञाले

छविलाल राई

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८० असार ........गतेको गाउँसभाबाट
अनुसार प्रमाणीकरण गर्दछु ।

.......
ज्ञानेन्द्र
अ